नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
(बजेट कार्यान्वयन शाखा)

☎ ४३८५३६, ४३८५४५, ४३८५४६
फ्याक्स. नं. ९७७-१-४१४६५१
अनामनगर, काठमाण्डौ

पत्र संख्या : २०७६/०७७
च.नं. : १६५

मिति : २०७७।०३।१९

बिषय : आवश्यक सहजिकरण सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय (सबै)

प्रस्तुत विषयमा नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.५८६ मिति २०७७।०३।१८ को पत्रासाथ प्राप्त नेपाल राजपत्र, खण्ड ७० संख्या १० , भाग ३, मिति २०७७।०३।०८ मा प्रकाशन भएको उक्त मन्त्रालयको सूचना यसै साथ संलग्न छ । सूचनामा उल्लेख भए बमोजिम नियमानुसार आवश्यक कारवाहीको लागि मिति २०७७।०३।१९ को निर्णयानुसार अनुसार अनुरोध छ ।

०७७।०३।१९
.........................
(चूडामणि गौतम)
लेखा अधिकृत

फोन न. ०१४२००३०४

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय तह समन्वय शाखा
सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७६/७७
चलानी नं.: ५८६

मिति : २०७७।०३।१८

विषय: आवश्यक सहजीकरणको गरिदिने सम्बन्धमा ।

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाण्डौं ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७६ को तेस्रो संसोधन भई नेपाल राजपत्र, खण्ड ७०), संख्या १०, भाग ३, मिति २०७७।०३।०८ मा प्रकाशन भईसकेकोले सोको कार्यान्वयनको लागि आवश्यक सहजीकरण गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

संलग्न :
स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) (तेस्रो संसोधन) नियमावली, २०७७ को छाँयाकपी ।

जनकराज शर्मा
शाखा अधिकृत

बोधार्थ
श्री जिल्ला समन्वय समिति, सबै
श्री गाउँपालिका /नगरपालिका, सबै

# भाग ३

## नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

## सूचना

### स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) (तेस्रो संशोधन) नियमावली, २०७७

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) (तेस्रो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम १३ मा संशोधनः स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम १३ को उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन् :-

"(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा कुनै आयोजनाको लागि आर्थिक बर्ष

२०७६/२०७७ मा छुट्याइएको रकम खर्च नभई बचत हुन गएमा त्यस्तो बचत रकम संयोजकले निर्देशक समितिको अन्य सदस्यसँग परामर्श गरी सम्बन्धित स्थानीय तहमा रहेको कोभिड-१९ को व्यवस्थापनको लागि खोलिएको खातामा सम्वत् २०७७ साल असार पन्ध्र गतेसम्म जम्मा गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त रकम स्थानीय तहले कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारको काममा मात्र प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ।"

आज्ञाले,
सूर्यप्रसाद गौतम
नेपाल सरकारको सचिव ।